# विभेदपूर्ण लिङ्ग छनौटको अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८- २०८८

स्वीकृत मिति : २०७८/१/२०

**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

रामशाह पथ, काठमाडौं, नेपाल

उमेश श्रेष्ठ
Umesh Shrestha

स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री
State Minister for
Health and Population

नेपाल सरकार
Government of Nepal
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
Ministry of Health and Population

☎: ०१-४-२५०९९१
: 01-4-250991
फ्याक्स: ०१-४-२६२४६८
Fax: 01-4-262468
Website: www.mohp.gov.np
रामशाहपथ, काठमाडौँ, नेपाल
Ramshahpath, Kathmandu, Nepal

पत्र संख्या(Ref. No.): चलानी नं.(Dispatch No.): मिति(Date): २०७८/०६/१२

## मन्तव्य

संविधानले प्रत्येक महिलाहरूलाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुनेछ भनी प्रष्ट पारेको छ । प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने व्यवस्था गरेको छ । बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण उचित स्याहार तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हकको समेत व्यवस्था हुनुपर्ने कुरामा जोड दिएको छ । उल्लिखित विषयहरू सम्वोधन गर्ने सिलसिलामा राज्यले विभिन्न नीति, ऐन, कानुन तथा कार्यविधिहरू कार्यान्वयनमा ल्याईएको छ । यसै परिपेक्ष्यमा **विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति,** २०७७ कार्यान्वयनमा आएको छ । समाजमा छोरा प्रतिको बढ्दो चाहना र महिलालाई  गरिने विभेदपूर्ण व्यवहारका कारण छोरा जन्माउनकै लागि महिलाले पटक-पटक गर्भाधारण गर्नुपर्ने वाध्यताले महिला र वच्चाको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकरात्मक असर पर्नुका साथै महिलाहरूको स्वेच्छाले बच्चा जन्माउन पाउने अधिकारको हनन् भई लैङ्गिक हिंसा समेत भोग्नु परेको छ । लिङ्ग पहिचान गरी गरिने गर्भपतनका कारणले भविष्यमा महिलाहरूको संख्यामा कमी हुन गई लैङ्गिक असन्तुलन हुन सक्ने कुरालाई नियन्त्रण गर्दै, सन् २०३० सम्ममा विभेदपूर्ण लिङ्ग छनौट गर्ने प्रवृत्तिको अन्त्य गर्न र विभेदपूर्ण लिङ्ग छनौट रहित लैङ्गिक समानतामूलक राष्ट्र निर्माण गर्ने उद्देश्यले यो १० वर्षीय रणनीति कार्यान्वयनमा ल्याईएको हो ।

गर्भ संरक्षण गर्ने उद्देश्यले शारीरिक तथा अन्य कारणबाट कानुनले दिएको अवस्थामा रहेर गर्भपतन गर्न पाउने अधिकार मुलुकी अपराध (संहिता) ऐन र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले गरेको छ । सामाजिक मान्यताको रूपमा जकडिएर रहेको असामाजिक सोंच र मान्यताका कारण आमाको गर्भभित्र हुर्कदै गरेको शिशुले छोरी भएकै कारण हत्या हुने कुरा २१ औं शताब्दीमा मान्य नहुने र संविधानको मर्म विपरित हुने भएकोले यो रणनीतिलाई कार्यान्वयनमा ल्याउन व्यक्ति, परिवार, समाज र राष्ट्रको अहम् भूमिका रहन्छ ।

अन्त्यमा, बालिका, किशोरी तथा महिलाहरूले सम्मानित, मर्यादित  तथा अर्थपूर्ण जीवन व्यतित गर्न सकुन् भन्दै यस विभेदपूर्ण लिङ्ग छनौट अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७७ को सफल कार्यान्वयनका लागि कामना गर्दछु ।

.................
उमेश श्रेष्ठ
राज्य मन्त्री

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.........................................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : २०७८।०६।१२

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

**विषय :-** मन्तव्य

गर्भ संरक्षण गर्ने उद्देश्यले शारिरीक तथा अन्य कारणबाट कानुनले दिएको अवस्थामा रहेर गर्भपतन गर्न पाउने अधिकार मुलुकी अपराध (संहिता) ऐन र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले गरेको छ ।यद्यपि समाजमा जकडिएर रहेको कुरीति, कुसंस्कार एवम् छोरालाई अत्याधिक महत्व दिने र छोरीलाई दोस्रो दर्जाको रूपमा लिने प्रचलनले आमाको गर्भभित्र हुर्कदै गरेको शिशुले छोरी भएकै कारण हत्या गर्ने प्रचलनका विरूद्ध **विभेदपूर्ण लिङ्ग छनौट अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७७** कार्यान्वयनमा ल्याईएको हो ।यो रणनीतिले कानुन बमोजिम बाहेक गर्भभित्र रहेको लिङ्ग पहिचान गर्न नहुने, छोरी प्रतिको सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्न, छोरीको महत्वलाई बढावा दिन तथा छोरा र छोरी, किशोरी र किशोर, महिला र पुरूष बीच लैङ्गिक समानता कायम गर्न थप योगदान पुर्याउनेछ।यस रणनीतिले सन् २०३० सम्ममा विभेदपूर्ण लिङ्ग छनौट गर्ने प्रवृत्तिको अन्त्य गर्न र विभेदपूर्ण लिङ्ग छनौट रहित समाजको निर्माण गर्ने उद्देश्य राखेको छ ।

यस रणनीतिको कार्यान्वयन अवधिमा सरकारका तीनै तहले विभेदपूर्ण लिङ्ग छनौट विरूद्ध आवश्यक कानुनहरू निर्माण गरी लैङ्गिक विभेद रहित समाजको निर्माणमा जोड दिनुपर्ने छोरा होस वा छोरी दुवै बराबरी भन्ने मान्यता व्यक्ति, परिवार र समाजमा विकास हुनुपर्ने, समानता र समावेशीताका सूचकहरू यथोचित रूपमा सकारात्मक हुनुपर्ने देखिन्छ ।

अन्त्यमा, यस रणनीति निर्माण गर्न योगदान पुर्याउनुहुने जनसंख्या व्यवस्थापन महाशाखा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा, प्राविधिक सहयोग गर्नुहुने कृपा संस्था तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुर्याउनुहुने सबैलाई धन्यवाद दिन चाहन्छु

डा. रोशन पोखरेल
सचिव
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# विषयसूची

**परिच्छेद – एक : परिचय**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिवद्धता | १ |
| १.३ | औचित्य | २ |
| १.४ | सिद्धान्तहरू | ३ |

**परिच्छेद – दुई : दिर्घकालीन सोंच**

| | | |
|---|---|---|
| २.१ | सोंच | ४ |
| २.२ | लक्ष्य | ४ |
| २.३ | उद्देश्य | ४ |

**परिच्छेद – तीन : रणनीति, कार्यनीति र कार्यान्वयन व्यवस्था**

| | | |
|---|---|---|
| ३.१ | रणनीति | ५ |
| ३.२ | कार्यनीति | ५ |
| ३.३ | रणनीति कार्यान्वयन व्यवस्था | ६ |
| ३.४ | रणनीति कार्यान्वयनका लागि तहगत संरचना | ६ |

**परिच्छेद – चार : कार्यान्वयन योजना**

| | | |
|---|---|---|
| ४.१ | कार्ययोजना | ११ |
| ४.२ | लागत अनुमान विधि | ३६ |
| ४.३ | लागत अनुमानका सीमा | ३६ |
| ४.४ | कार्यान्वयन व्यवस्था | ३७ |
| ४.५ | कार्यान्वयन योजना | ३८ |

**परिच्छेद – पाँच : अनुगमन र मूल्यांकन**

| | | |
|---|---|---|
| ५.१ | अनुगमन र मूल्यांकनको दृष्टिकोण | ३९ |
| ५.२ | अनुगमन र मूल्यांकनको जिम्मेवारी र जवाफदेहिताको तह | ३९ |
| ५.३ | रणनीति कार्यान्वयनको मूल्याकंन विधि | ४० |
| ५.४ | अपेक्षित परिणाम | ४१ |
| ५.५ | नतिजा मापनको ढाँचा (Result Monitoring Framework) | ४१ |
| ५.६ | रणनीतिको पुनरावलोकन र परिमार्जन | ४२ |

## परिच्छेद – एक

# परिचय

### १.१ पृष्ठभूमि

नेपालमा सन् २०११ मा भएको जनगणनामा आधारित रहेर संयुक्त राष्ट्र संघीय जनसंख्या कोष नेपालले २०१७ मा प्रकाशित "नेपालको जनसंख्या स्थिति विश्लेषण" नामक प्रतिवेदनमा १२ जिल्लाहरूमा १ वर्षभन्दा मुनिको जन्मदरको लैङ्गिक अनुपात ११० वा सो भन्दा बढी भएको देखाएको थियो । यसै गरी सन् २०१६ को जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षणको तथ्याङ्कमा आधारित रहेर गरेको विश्लेषणमा राष्ट्रिय रूपमा जन्मदरको लैङ्गिक अनुपात ११० रहेको व्यहोरा सोहि कोषले प्रकाशित गरेको नेपालको कन्ट्रि प्रोफाइल २०१९ नामक प्रतिवेदनमा समेत उल्लेख भएको छ । नेपाल छोरीलाई भन्दा छोरालाई उच्च प्राथमिकता दिने पित्तृसतात्मक मान्यता भएको देश हो । सोहि अनुरूप छोरी भन्दा छोरा जन्माउन चाहना राख्ने गरिएको पाईन्छ । फलस्वरूप हालका वर्षहरूमा जन्मदरमा लैङ्गिक असन्तुलन पनि देखिन थालेको छ । विश्व स्वास्थ्य संगठनले सामान्यतया १०० जना छोरी जन्मदा करिब १०५ जनासम्म छोराको जन्म हुन सक्ने बताएको छ । यसरी जन्मदरमा लैङ्गिक असन्तुलन देखिनुमा प्रजनन् दर घट्नु, छोरालाई उच्च प्राथमिकता दिनु र भ्रुणको लिङ्ग पहिचान गर्ने प्रविधि (अल्ट्रासाउण्ड) मा सहज पहूँच हुनु मुख्य कारणहरू रहेको (गुलिमोटो सि. जेड. २००९) अध्ययनले देखाएको छ । सन् २००१ र सन् २०१६ मा गरिएको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षणको तथ्याङ्कमा नेपालको प्रजनन् दर सन् २००१ मा ४.१ रहेको थियो भने सन् २०१६ सम्म आउँदा यो दर घटेर २.३ मा झरेको छ । विगत दुई दशकको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षणको तथाङ्कमा आधारित रहेर गरेको विश्लेषणमा पहिलो बच्चाको लिङ्गको आधारमा त्यसपछिको बच्चा जन्मदाको लैङ्गिक अनुपातमा उच्च असन्तुलन देखिएको छ । पहिला दुई छोरा हुने महिलाहरूको तुलनामा भन्दा पहिला दुई छोरी हुनेहरूमा तेस्रो बच्चाको लैङ्गिक अनुपातमा उच्च असन्तुलन देखिएको छ (१८० छोरा जन्मदा १०० छोरीको जन्म) । त्यसै गरी पहिलो बच्चा छोरा हुने महिलाहरूमा दोस्रो बच्चाको लैङ्गिक अनुपातमा सन्तुलन देखिएतापनि पहिलो बच्चा छोरी छ भने दोस्रो बच्चा जन्मदाको लैङ्गिक अनुपातमा पनि असन्तुलन देखिएको छ । जहा (१२२ छोरा जन्मदा १०० छोरीको जन्म) ।

### १.२ राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिवद्धता

सन् २००२ मा तत्कालिन मुलुकी ऐनको ११ औं संशोधनले नेपालमा गर्भपतनलाई कानुनी मान्यता दिएको हो । सोही कानुनको आधारमा बनेको सुरक्षित गर्भपतन सेवा सम्बन्धी नीतिमा निश्चित अवस्थामा सुरक्षित गर्भपतन सेवा लिन सक्ने महिलाको अधिकार सुनिश्चित गरिएको छ । यो नीतिले यस्तो सेवा सरकारी स्वास्थ्य संस्थाहरूले निःशुल्क रूपमा उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । मुलुकी अपराध (संहिता) ऐन, २०७४ र सुरक्षित मातृत्व तथा प्रजनन्

स्वास्थ्य अधिकार ऐन, २०७५ ले सुरक्षित, वैध र निःशुल्क गर्भपतन सेवामा महिलाहरूको अधिकारलाई थप सुदृढ गरेको छ । तथापि यी दुवै कानुनहरूले स्वेच्छा वा करकापमा भ्रुणको लिङ्ग पहिचान गरी गर्भपतन गराउने कार्यलाई भने निषेध गरेका छन् । कसैले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै कार्य गर्न वा गराउन हुदैन । यसका साथै गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाई वा करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दवाब दिन वा बाध्य पार्न समेत निषेध गरिएको छ । यस्तो कानुनी व्यवस्था भएतापनि नेपालमा गरिएका विभिन्न अध्ययनहरूले भ्रुणको लिङ्ग पहिचान गरी गर्भपतन गराउने गरेको स्पष्ट देखाएको छ ।

दिगो विकास लक्ष्य २०३० मा राज्यको प्रतिवद्धता र लक्ष्य हासिल गर्न सूचकाङ्कहरू समेत तय गरेको छ । जस अन्तर्गत लक्ष्य नं. ३ सुस्वास्थ्य र समृद्ध जीवनः सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने, लक्ष्य ४ गुणस्तरीय शिक्षाः सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने र लक्ष्य ५ लैङ्गिक समानताः लैङ्गिक समानता हासिल गर्ने दायित्व रहेको छ । विश्व स्वास्थ्य संगठनले २०११ मा दिएको एक अनुसन्धान अनुसार छोरीको तुलनामा छोरालाई बढी मान्यता दिने सामाजिक परम्परा, पैत्तृक सम्पत्ति माथिको छोराको अधिकार, धार्मिक र सांस्कृतिक मूल्य मान्यता, वैवाहिक परम्परा समेतले लिङ्ग पहिचान गरी गरिने गर्भपतनलाई प्रोत्साहित गरिरहेकोले जन्मदरमा लैङ्गिक असन्तुलन देखिएको छ । जसको कारण छोरा जन्माउनकै लागि महिलाले पटक पटक गर्भधारण गर्नु पर्ने बाध्यताले महिला र बच्चाको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै लैङ्गिक हिंसा समेत वृद्धि हुने देखिन्छ । लिङ्ग पहिचान गरी गरिने गर्भपतनको कारणले भविष्यमा महिलाहरूको संख्यामा कमी हुनगई जन्मदर र मृत्युदरमा असन्तुलन हुनसक्ने देखिन्छ । यसलाई समयमै सम्बोधन गर्न बहु–आयामिक प्रयास आवश्यक पर्ने भएकोले मूलतः नेपालको संविधान, मुलुकी अपराध (संहिता) ऐन, २०७४ र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ मा आधारित रही लागत अनुमान सहितको राष्ट्रिय रणनीति निर्माण गरिएको छ ।

## १.३ औचित्य

१. नेपालको संविधानले सुनिश्चित गरेको समानताको हक, न्याय सम्बन्धी हक, सम्पत्तिको हक, सुरक्षित मातृत्व र प्रजनन् हकहरूले महिला र बालबालिकामाथि हुने कुनै पनि प्रकारको विभेदलाई निषेध गरी दण्डनीय समेत बनाएकोले कार्यान्वयन गर्नुपर्ने भएको छ ।

२. राष्ट्रिय, अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा राज्यले गरेका प्रतिवद्धता, दिगो विकास लक्ष्य २०३० मा राज्यले पुरा गर्नुपर्ने दायित्व र हासिल गर्नुपर्ने लक्ष्य रहेकोछ ।

३. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने अन्तर्गत निर्धारण गरिएका सूचकहरूको विकास, सम्वर्द्धन र प्रवर्द्धनको लागि यो रणनीति आवश्यक रहेको छ ।

४. मुलुकी अपराध (संहिता) ऐन, २०७४, परिच्छेद १३ को गर्भ संरक्षण विरूद्धको कसूर अन्तर्गत दफा १८८ र १८९ मा लिङ्ग पहिचान गरी गरिने वा गराईने गर्भपतनलाई अपराधको रूपमा परिभाषित गरी दण्ड र सजायँको व्यवस्था गरेको छ । सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ (परिच्छेद ४ को दफा १७) ले पनि यसै कुरालाई जोड दिएको हुदा कार्यान्वयन गर्नुपर्ने भएको छ ।

५. चिकित्सक तथा स्वास्थ्यकर्मी, पुरूष, महिला, किशोर किशोरी, नागरिक समाज लगायत आम सरोकारवालाहरूको भूमिकालाई प्रवर्द्धन र उजागर गर्दै लैङ्गिक असमानताको परिणामको रूपमा देखिएको विभेदपूर्ण लिङ्ग छनौट अन्त्य गर्ने लक्ष्य राखी सन् २०३० सम्मको लागि रणनीति तयार गर्न आवश्यक रहेको ।

## १.४ सिद्धान्तहरु

नेपालको संविधान, विद्यमान कानुन, प्रचलित ऐन, नियम तथा राज्यले अंगीकार गरेका अन्तर्राष्ट्रिय सन्धि तथा प्रतिवद्धताहरू समेतलाई आत्मसात गर्दै राष्ट्रिय रणनीतिका लागि देहायका सिद्धान्तहरू अवलम्बन गरिएको छ ।

**१. अधिकारमुखी अवधारणामा आधारित सिद्धान्त**ः महिला र बालिकाको प्रजनन् स्वास्थ्य अधिकार र मानव अधिकारको सुनिश्चितता हुनुपर्छ ।

**२. समानता र अविभेदको सिद्धान्त**ः लैङ्गिक समानता तथा अविभेदको सुनिश्चितता हुनुपर्छ ।

**३. अर्थपूर्ण सहभागिताको सिद्धान्त**ः निर्णय प्रक्रिया वा कार्यक्रम सञ्चालन गर्दा महिला, बालबालिका तथा पीडित पक्ष र सरोकारवालाको अर्थपूर्ण सहभागिता हुनुपर्छ ।

**४. हानी रहितताको सिद्धान्त**ः कुनैपनि गतिविधिले महिला तथा बालिकाको प्रजनन् स्वास्थ्य सेवाको पहूँचमा हानी नपुग्ने सुनिश्चितता गरिनुपर्छ ।

**५. समावेशीकरणको सिद्धान्त**ः नीति, योजना, कार्यक्रम निर्माण तथा कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सुनिश्चिता गरिनुपर्छ ।

**६. सशक्तीकरणको सिद्धान्त**ः महिला तथा बालिकाको सशक्तीकरणलाई केन्द्रमा राखी रणनीतिक कार्यक्रमहरूको सञ्चालन गरिनुपर्छ ।

**७. जवाफदेहिता तथा शून्य सहनशीलताको सिद्धान्त**ः लिङ्ग छनौटप्रति शून्य सहनशीलताको संस्कृति स्थापनामा राज्यको सक्रियता बढाउनुपर्छ ।

परिच्छेद - दुई

# दिर्घकालीन सोंच

## २.१ सोंच

विभेदपूर्ण लिङ्ग छनौट रहित समाज ।

## २.२ लक्ष्य

सन् २०३० सम्ममा विभेदपूर्ण लिङ्ग छनौट गर्ने प्रवृत्तिको अन्त्य गर्ने ।

## २.३ उद्देश्य

१. कानुन बमोजिम बाहेक लिङ्ग पहिचान गरी गरिने गर्भपतनको विरूद्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नु ।

२. लिङ्ग पहिचान गरी गरिने गर्भपतनका विरूद्धमा सोंच र व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउनु ।

३. छोरीको महत्वलाई प्रोत्साहन गर्दै लैङ्गिक समानता सुनिश्चित गर्नु ।

४. छोरा र छोरीको समान महत्व स्थापित गर्न किशोरी एवं महिला केन्द्रित सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रम प्रभावकारी रूपमा समन्वय गरी कार्यान्वयन गर्नु ।

## परिच्छेद – तीन

# रणनीति, कार्यनीति र कार्यान्वयन व्यवस्था

### ३.१ रणनीति

१.१ प्रचलित कानुन अनुसार तीनै तहका सरकारले लिङ्ग पहिचान गरी गरिने गर्भपतनको विरूद्धमा आवश्यक नीतिहरूको निर्माण गरी कार्यान्वयन गर्ने । (उद्देश्य १)

२.१ लिङ्ग पहिचान गरी गरिने गर्भपतन गर्न चाहने दम्पत्ति, परिवार र समाजको सोंच परिवर्तनमा जोड दिने । (उद्देश्य २)

२.२ लिङ्ग पहिचान गरी गरिने गर्भपतनका विरूद्धमा स्वास्थ्यकर्मी तथा अन्य स्वास्थ्य सेवा प्रदायकहरूको भूमिका र दायित्वलाई थप प्रभावकारी बनाईने । (उद्देश्य २)

३.१ छोरा र छोरीको समान महत्वलाई प्रवर्द्धन गर्न सामाजिक, सांस्कृतिक, परम्परागत सोंच, मान्यता र व्यवहारमा परिवर्तन ल्याउने । (उद्देश्य ३)

४.१ आर्थिक सशक्तीकरणका लागि उद्यम व्यवसायमा महिला तथा किशोरीहरूको अर्थपूर्ण सहभागितालाई प्रोत्साहन गर्ने । (उद्देश्य ४)

४.२ महिला तथा किशोरीहरूको सामाजिक सशक्तीकरण गर्दै नेतृत्व विकासलाई प्रवर्द्धन गर्ने। (उद्देश्य ४)

### ३.२ कार्यनीति

१. विद्यमान कानुन र नीतिहरूको पुनरावलोकन तथा संशोधन र आवश्यकता अनुसार नीति र कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ । (रणनीति १.१)

२. लिङ्ग पहिचान गरी गरिने गर्भपतन अन्त्य गर्न समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । (रणनीति २.१)

३. स्वास्थ्यकर्मी तथा अन्य स्वास्थ्य सेवा प्रदायकहरूले गर्भपतन सम्बन्धी सेवा प्रदान गर्दा पेशागत आचार संहिता तथा चिकित्सकीय नैतिकता पालनाको सुनिश्चितता गरिनेछ । (रणनीति २.२)

४क. स्थानीय तह तथा सरोकारवालासँगको समन्वय तथा सहकार्यमा छोराछोरी बीचको विभेद अन्त्यका लागि जनचेतना एवम् अभियानमूलक कार्यक्रमहरू निर्माण गरी सञ्चालन गरिने छ । (रणनीति ३.१)

४ख. छोरा र छोरी बीच समान महत्वलाई प्रवर्द्धन गर्ने नीति, योजना तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गरिनेछ । (रणनीति ३.१)

५. महिला तथा किशोरीहरूको आर्थिक क्रियाकलापमा अर्थपूर्ण सहभागिता र नेतृत्वलाई प्रोत्साहन गरिने छ । (रणनीति ४.१)

६. महिला, किशोरी तथा बालिकाहरूको सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्न क्षमता अभिवृद्धि गरिनेछ । (रणनीति ४.२)

## ३.३ रणनीति कार्यान्वयन व्यवस्था

### ३.३.१ कानुनी र संस्थागत व्यवस्था

रणनीति कार्यान्वयनका लागि देहाय बमोजिमको कानुनी र संस्थागत व्यवस्था गरिनेछः

क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा लिङ्ग पहिचान गरी गरिने गर्भपतनको विरूद्धमा आवश्यक पर्ने कानून निर्माणका लागि सहजीकरण गर्नेछ ।

ख) संघ, प्रदेश र स्थानीय तहहरू बीच समन्वय, सामञ्जस्य र अन्तरसम्बन्ध कायम गरी रणनीतिगत र संरचनागत संयन्त्रको निर्माण गरिनेछ ।

ग) संघ, प्रदेश र स्थानीय तहमा स्पष्ट अधिकार, जिम्मेवारी तथा उत्तरदायित्व सहितको समन्वयात्मक तथा नतिजामूलक संरचनागत संयन्त्रको स्थापना गरिनेछ ।

## ३.४ रणनीति कार्यान्वयनका लागि तहगत संरचना

(क) राष्ट्रिय निर्देशक समिति

(ख) समन्वय समिति

(ग) प्राविधिक कार्य समिति

(घ) कार्यान्वयन सहजीकरण समिति (प्रदेशस्तरीय)

(ङ) कार्यान्वयन सहजीकरण समिति (स्थानीय तहस्तरीय)

### (क) राष्ट्रिय निर्देशक समिति

| | | | |
|---|---|---|---|
| १. | सचिव | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - संयोजक |
| २. | सह सचिव | - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| ३. | सह सचिव | - गृह मन्त्रालय | - सदस्य |
| ४. | सह सचिव | - महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - सदस्य |
| ५. | सह सचिव | - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| ६. | सह सचिव | - कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| ७. | सह सचिव | - युवा तथा खेलकुद मन्त्रालय | - सदस्य |
| ८. | सह सचिव | - अर्थ मन्त्रालय | - सदस्य |
| ९. | सह सचिव | - श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - सदस्य |
| १०. | सह सचिव | - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| ११. | सचिव | - राष्ट्रिय महिला आयोग | - सदस्य |

१२. सह सचिव - राष्ट्रिय योजना आयोग - सदस्य

१३. सह सचिव - जनसंख्या व्यवस्थापन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सचिव-सदस्य

**३.४.१ राष्ट्रिय निर्देशक समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः**

(क) यस रणनीतिको नतिजामुखी कार्यान्वयनका लागि नीतिगत निर्णय गर्ने ।

(ख) राष्ट्रिय निर्देशक समितिले नेतृत्व तथा समन्वय समिति, प्रदेश तथा स्थानीय तह कार्यान्वयन, समन्वय र सहजीकरण समितिलाई रणनीति कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने ।

(ग) कार्यक्रम कार्यान्वयनको प्रभावकारीता सम्बन्धमा अनुगमन सम्बन्धी नीतिगत व्यवस्था गर्ने ।

(घ) समितिको बैठक एक वर्षमा कम्तीमा २ पटक बस्नेछ ।

(ङ) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ एवं संस्थाका प्रतिनिधि आमन्त्रित सदस्यको रूपमा बोलाउन सकिनेछ ।

(च) बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**(ख) समन्वय समिति**

१. सहसचिव - जनसंख्या व्यवस्थापन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - संयोजक

२. उपसचिव - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

३. उपसचिव - गृह मन्त्रालय - सदस्य

४. उपसचिव - महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सदस्य

५. उपसचिव - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

६. उपसचिव - कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

७. उपसचिव - युवा तथा खेलकुद मन्त्रालय - सदस्य

८. उपसचिव - अर्थ मन्त्रालय - सदस्य

९. उपसचिव - श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

१०. उपसचिव - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

११. उपसचिव - राष्ट्रिय महिला आयोग - सदस्य

१२. उपसचिव - राष्ट्रिय योजना आयोग - सदस्य

१४. प्रतिनिधि - परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग - सदस्य

१५. प्रतिनिधि - नेपाल बार एशोसिएसन - सदस्य

१६. प्रतिनिधि - नेपाल मेडिकल काउन्सिल - सदस्य

१७. गैर सरकारी संघ संस्थाका प्रतिनिधि २ जना - सदस्य

१८. प्रतिनिधि - राष्ट्रिय मानव अधिकार आयोग - सदस्य

१९. समितिले तोकेको नागरिक समाजको प्रतिनिधि - सदस्य

२०. उपसचिव - लैङ्गिक समानता तथा समावेशीकरण शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य-सचिव

**३.४.२ समन्वय समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ :**

(क) रणनीति जारी भएको मितिले एक वर्ष भित्रमा लागत सहितको राष्ट्रिय कार्ययोजना तयार गरी उपलब्ध श्रोतको आधारमा प्राथमिकतापूर्वक कार्यक्रम छनौट गरी कार्यान्वयन गर्ने ।

(ख) रणनीति तथा कार्ययोजनामा रहेका कार्यक्रमहरूलाई अन्तर मन्त्रालय तथा समितिका सदस्य संस्था/निकायहरूको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं पहल गर्ने ।

(ग) संचालित कार्यक्रमहरूको नियमित तथा आवश्यकता अनुसार अनुगमन गरी आवश्यक पृष्ठपोषण तथा निर्देशन दिने ।

(घ) रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण गरी सो अनुरूप सञ्चालन गर्ने ।

(ङ) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(च) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधि आमन्त्रित सदस्यहरूको रूपमा बोलाउन सकिनेछ ।

(छ) बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**(ग) प्राविधिक कार्य समिति**

संघीय तहमा रहने विभेदपूर्ण लिङ्ग छनौटको अन्त्य गर्न बनेको नेतृत्व तथा समन्वय समितिलाई प्राविधिक विषयमा सहयोग तथा परामर्श दिनका लागि परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभागका निर्देशकको संयोजकत्वमा एक प्राविधिक कार्य समूह गठन गरिनेछ । समूहमा रहने विज्ञ सदस्यहरू र यसका काम, कर्तव्य र अधिकार समन्वय समितिले तय गरेको कार्य विधिमा व्यवस्था भए अनुसार हुनेछ ।

**(घ) प्रदेशस्तरीय सहजीकरण समिति**

| | | | |
|---|---|---|---|
| १. | सचिव, सामाजिक विकास मन्त्रालय | - | संयोजक |
| २. | उप सचिव - बजेट योजना तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | - | सदस्य |
| ३. | उप सचिव - कानुन तर्जुमा महाशाखा, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | - | सदस्य |
| ४. | उप सचिव - औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा, उद्योग, वन तथा वातावरण मन्त्रालय | - | सदस्य |
| ५. | उप सचिव - भूमि व्यवस्था महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - | सदस्य |
| ६. | प्रमुख महिला विकास अधिकृत, सामाजिक विकास महाशाखा | - | सदस्य |
| ७. | महाशाखा प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा | - | सदस्य |
| ८. | प्रतिनिधि प्रदेश प्रहरी कार्यालयका अधिकृतस्तर | - | सदस्य |
| ९. | प्रतिनिधि प्रदेश योजना आयोग | - | सदस्य |
| १०. | प्रतिनिधि राष्ट्रिय मानव अधिकार आयोग प्रदेशस्तरीय कार्यालय | - | सदस्य |
| ११. | प्रतिनिधि प्रदेश राजधानी रहेको स्थानको उच्च अदालत बार एशोसियसनको प्रतिनिधि | - | सदस्य |
| १२. | गैर सरकारी संघ संस्थाको प्रतिनिधि | - | सदस्य |
| १३. | समितिले तोकेको नागरिक समाजको दुई जना प्रतिनिधि | - | सदस्य |
| १४. | निर्देशक, स्वास्थ्य सेवा महाशाखा, सामाजिक विकास मन्त्रालय | - | सदस्य-सचिव |

**३.४.३ प्रदेशस्तरीय सहजीकरण समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ :**

(क) राष्ट्रिय रणनीतिका आधारमा लागत सहितको प्रादेशिक कार्ययोजना तयार गर्ने ।

(ख) रणनीति तथा कार्ययोजनामा रहेका कार्यक्रमलाई अन्तर मन्त्रालय तथा यस समितिका सदस्य संस्था/निकायहरूको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं पहल गर्ने ।

(ग) संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी राष्ट्रिय रणनीति र कार्य योजनालाई कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने ।

(घ) कार्यक्रमहरूको नियमित तथा आवश्यकता अनुसार अनुगमन तथा मूल्यांकन गरी आवश्यक पृष्ठपोषण र निर्देशन दिने ।

(ङ) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(च) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधि आमन्त्रित सदस्यहरूको रूपमा बोलाउन सक्नेछ ।

(छ) बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**(ङ) स्थानीय तह सहजीकरण समिति**

| | | |
|---|---|---|
| १. | उप मेयर/उपाध्यक्ष (नगरपालिका/गाउँपालिका) | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | प्रमुख, सामाजिक विकास शाखा | सदस्य |
| ४. | प्रमुख, शिक्षा ईकाई | सदस्य |
| ५. | प्रमुख, महिला तथा बालबालिका ईकाई | सदस्य |
| ६. | प्रमुख, लेखा शाखा | सदस्य |
| ७. | प्रमुख, स्थानीय प्रहरी कार्यालय | सदस्य |
| ८. | प्रतिनिधि, नागरिक समाज | सदस्य |
| ९. | गैर सरकारी संघ संस्थाका प्रतिनिधि, २ | सदस्य |
| १०. | प्रमुख, स्वास्थ्य ईकाई | सदस्य सचिव |

**३.४.४ स्थानीय तह सहजीकरण समितिको काम, कर्तव्य र जिम्मेवारी देहायबमोजिम हुनेछ :**

(क) राष्ट्रिय रणनीतिका आधारमा लागत सहितको स्थानीय तहको कार्ययोजना तयार गर्ने ।

(ख) राष्ट्रिय रणनीति तथा कार्ययोजनामा रहेका कार्यक्रमहरूलाई अन्तर ईकाई तथा यस समितिका सदस्य संस्था/ईकाईहरूको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं पहल गर्ने ।

(ग) स्थानीय तह भित्रका वडाहरूबीच समन्वय गरी राष्ट्रिय रणनीति र कार्य योजनालाई कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने ।

(घ) संचालित कार्यक्रमहरूको नियमित तथा आवश्यकता अनुसार अनुगमन गरी आवश्यक पृष्ठपोषण र निर्देशन दिने ।

(ङ) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(च) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधि आमन्त्रित सदस्यहरूको रूपमा बोलाउन सक्नेछ ।

(छ) बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

# परिच्छेद - चार

# कार्यान्वयन योजना

## ४.१ कार्ययोजना

विभेदपूर्ण लिङ्ग छनौट अन्त्य गर्ने उद्देश्य प्राप्तिका लागि तल उल्लेखित रणनीति र कार्यनीति अवलम्बन गरी सोही अनुसारका कार्यक्रम र क्रियाकलाप सञ्चालन गरिने छन् ।

**उद्देश्य १:** कानुन बमोजिम बाहेक लिङ्ग पहिचान गरी गरिने गर्भपतनको विरूद्धमा आवश्यक नीति, योजना तथा कार्यक्रमहरू निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नु ।

**रणनिति १.१:** प्रचलित कानुन अनुसार तीनै तहका सरकारले लिङ्ग पहिचान गरी गरिने गर्भपतनको विरूद्धमा आवश्यक नीतिहरूको निर्माण गरी कार्यान्वयन गर्ने ।

**कार्यनीति:** विद्यमान कानुन र नीतिहरूको पुनरावलोकन तथा संशोधन र आवश्यकता अनुसार नीति र कानुन निर्माण गरी कार्यान्वयन गरिने छ ।

| कार्यक्रम | क्रियाकलाप | अपेक्षित परिणाम | सूचांक | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवार निकाय | अनुगमन तथा मूल्यांकन निकाय | समन्वय/सहयोगी निकाय | लागत (रु.000 मा) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. विद्यमान कानुन तथा नीतिहरूको समीक्षा गर्ने । | १. संघ र प्रदेशले छलफल परामर्श गरी विद्यामान कानुन र नीतिहरूको पुनरावलोकन गरी आवश्यक परिमार्जन गर्ने । | | पुनरावलोकन र परिमार्जन भएका कानुनहरूको संख्या | पुनरावलोकन प्रतिवेदन | रणनीति कार्यान्वयन शुरू भएको १ वर्षभित्र | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | अनुगमन तथा मूल्यांकन शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ३,५६७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. संघ, प्रदेश र स्थानीय तहमा लिङ्ग छनौट विरूद्धमा कानुन तथा नीतिहरूको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने । | १. संघ, प्रदेश र स्थानीय तहमा लिङ्ग छनौट विरूद्धमा आवश्यक कानुन तथा नीतिहरूको निर्माण गर्ने<br>२. स्थानीय तहहरूले लिङ्ग छनौट विरूद्धका कार्यक्रमहरू सञ्चालन गर्ने । | संघ,प्रदेश र स्थानीय तहमा लैङ्गिकमैत्री कानुन, नीति तथा कार्यक्रमहरू निर्माण भई प्रभावकारी कार्यान्वयन भएको हुने | निर्मित कानुन तथा नीतिहरूको संख्या | परिमार्जित कानुन तथा नीतिहरू | निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कानुन शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह - न्यायिक समिति | ९,७८७<br>१,५०,६०० |
| ३. लिङ्ग छनौट विरूद्धमा प्रचलित कानुन तथा नीतिहरूको सफल कार्यान्वयनका लागि अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने | १. हरेक स्थानीय तहहरूले कानुन तथा नीतिहरूको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन ढाँचा निर्माण गर्ने ।<br>२. कानुन तथा नीतिहरूको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन ढाँचा अनुरूप वार्षिक रूपमा प्रतिवेदन तयार गरी प्रदेश र संघीय कार्यान्वयन, समन्वय र सहजीकरण समितिलाई पेश गर्ने | छोरा र छोरीको विभेदमा कमी भई जन्मदरको लैङ्गिक अनुपातमा सन्तुलन भएको हुने | अनुगमन, मूल्यांकन ढाँचा तयार गर्ने | स्थानीय तहको संख्या अनुगमन, मूल्यांकन ढाँचा अनुगमन कार्यान्वयन प्रगति प्रतिवेदन | निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | गाउँपालिका नगरपालिका | गृह मन्त्रालय<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह/ न्यायिक समिति | ४,८२१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. विभेदपुर्ण लिङ्ग छनौट एवं जबरजस्ती गर्भपतन गराउन बाध्य पारिएका पिडित तथा प्रभावितहरूलाई कानुनी उपचार तथा संरक्षण गरी त्यस्ता कार्य गर्ने गराउनेलाई कानुनी दायरामा ल्याउने । | १. स्थानीय तहहरूले विभेदपुर्ण लिङ्ग छनौट एवं जबरजस्ती गर्भपतन गराउन बाध्य पारिएका पिडितहरूलाई कानुनी उपचारको लागि सहजीकरण एवं संरक्षण प्रदान गर्ने ।<br>२. विभेदपूर्ण लिङ्ग छनौट एवं जबरजस्ती गर्भपतन गराउन बाध्य पार्नेहरूलाई कानुनी दायरामा ल्याउने । | | कानुनी उपचार तथा संरक्षण प्राप्त गरेका पीडितहरूको संख्या<br>कानुनी दायरामा ल्याइएका पीडकहरूको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर | गृह मन्त्रालय | स्थानीय तहको न्यायिक समित | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह-न्यायिक समिति | १,५०,६०० |
| ५. लिङ्ग पहिचान गरी गरिने गर्भपतनमा संलग्न हुने स्वास्थ्यकर्मीहरूको नियमन र अनुसन्धान कार्यलाई चुस्त र प्रभावकारी बनाउने । | १. स्थानीय तहहरूले लिङ्ग पहिचान गरी गर्भपतन भए नभएको यकिन गर्न स्वास्थ्यकर्मीहरूको नियमन गर्ने । | | नियमन गरिएका स्वास्थ्यकर्मी हरूको संख्या | प्रगति प्रतिवेदन | निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्थानीय तहको सामाजिक विकास शाखा | स्वास्थ्य सेवा विभाग<br>नेपाल मेडिकल काउन्सिल<br>नेपाल मेडिकल एशोसियसन<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>गृह मन्त्रालय<br>स्थानीय तह | २,७६,५८७ |

**उद्देश्य २**: लिङ्ग पहिचान गरी गरिने गर्भपतनका विरूद्धमा सोंच र व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउनु ।

**रणनिति २.१**: लिङ्ग पहिचान गरी गरिने गर्भपतन गर्न चाहने दम्पत्ति, परिवार र समाजको सोंच परिवर्तनमा जोड दिने ।

**कार्यनीति**: लिङ्ग पहिचान गरी गरिने गर्भपतन अन्त्य गर्न समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

| कार्यक्रम | क्रियाकलाप | अपेक्षित परिणाम | सुचांक | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवार निकाय | अनुगमन तथा मुल्यांकन निकाय | समन्वय/सहयोगी निकाय | लागत (रू.००० मा) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. जनप्रतिनिधि, समुदाय, सामाजिक अगुवा र लक्षित समूहहरूका लागि छोरा र छोरी बीचको समानता र लिङ्ग पहिचान गरी गरिने गर्भपतनबाट हुने नकारात्मक परिणामको विषयमा मूल्य स्पष्टता (Value Clarification: यस प्रतिक्रियाले व्यक्ति वा समुदायलाई विद्यमान सोंच र अवस्थाका बारेमा मनन् गर्दै आफ्ना लक्ष्य, प्राथमिकता र मूल्यहरू स्पष्ट पार्दै सो अनुरूप निर्णय लिन र तिनीहरूलाई समाज र जीवन परिवर्तनका निम्ति व्यवहारमा लागू गर्न मद्दत गर्दछ) सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | १. स्थानीय तहमा अर्धवार्षिक रूपमा जनप्रतिनिधि, सामाजिक अगुवा र स्थानीय जनसमुदायमा छोरा र छोरी बीचको समानता र लिङ्ग पहिचान गरी गरिने गर्भपतनबाट हुने नकारात्मक परिणामको विषयमा गोष्ठी/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने । | | गोष्ठी/ अन्तरक्रिया कार्यक्रम र सहभागीहरूको संख्या | गोष्ठी/ अन्तरक्रिया कार्यक्रमको माईन्यूट | रणनीति कार्यान्वयन शुरू भए पश्चात निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्थानीय तह कार्यान्वय, समन्वय तथा सहजीकरण समिति | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह<br>नागरिक समाजका संघसंस्थाहरू र स्थानीय समूहहरू<br>धार्मिक अगुवाहरू | ८२,६०१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. लिङ्ग पहिचान गरी गरिने गर्भपतन सम्बन्धमा समुदायको सोंच तथा व्यवहार परिवर्तन गर्न समुदायको परिचालन गर्ने र सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रचार प्रसार गर्ने | १. स्थानीय तहमा रहेका क्रियाशिल सामुदायिक समूहहरूको बैठकमा अगुवाहरू मार्फत लिङ्ग पहिचान गरी गरिने गर्भपतनका परिणामहरूका बारेमा छलफल चलाउने ।<br>२. स्थानीय टेलिभिजन च्यानल, एफएम रेडियो, पत्रपत्रिका, सामाजिक सञ्जालहरू मार्फत पालिकाहरूले लिङ्ग पहिचान गरी गरिने गर्भपतनका परिणामहरूका बारेमा सन्देशमूलक सूचनाहरू प्रवाह गर्ने | लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउने व्यवहारमा कमी आएको हुने | बैठक र सहभागीहरूको संख्या, सन्देशहरू प्रवाह गर्ने आमसञ्चार माध्यमको प्रकार र संख्या, सामाजिक सञ्जालमा संप्रेशन गरिएका सूचना तथा जानकारी हेरेकाको संख्या | बैठकको माईन्यूट, आमसञ्चार माध्यमबीच भएको सम्झौता पत्र, सामाजिक सञ्जालहरूमा पोष्ट भएको आधिकारीक पृष्ठ | निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह<br>नागरिक समाजका संघसंस्थाहरू र स्थानीय समूहहरू<br>अन्तर/धार्मिक संघसस्था/धार्मिक सञ्जालहरू | ४१,३००<br>२,०६,५०२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. माध्यमिक तहका विद्यार्थी र किशोर किशोरी लक्षित सचेतना कार्यक्रम संचालन गर्ने । | १. माध्यमिक विद्यालयहरूले विद्यालयको अतिरिक्त कृयाकलापमा कम्तिमा वर्षको १ पटक लिङ्ग पहिचान गरी गरिने गर्भपतनका परिणामहरू समावेश गरी सञ्चालन गर्ने ।<br>२. माध्यमिक विद्यालयहरूमा सम्बन्धित विशेषज्ञमार्फत वर्षमा कम्तिमा १ पटक सचेतना कक्षाहरू सञ्चालन गर्ने । | लिङ्ग छनौट गर्ने वा गराउने कारक तत्वहरूको निरूत्साहन तथा सृजित समस्याको सम्बोधन हुने । | सहभागीहरूको संख्या | अतिरिक्त कृयाकलापको तालिका र विषयवस्तु | निरन्तर | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह कार्यान्वयन, समन्वय तथा सहजीकरण समिति | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह, सामाजिक विकास शाखा<br>नागरिक समाजका संघसंस्थाहरू<br>अन्तर/धार्मिक संघसस्था/धार्मिक सञ्जालहरू | २७,५३४<br>१,०१,६५५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. सामाजिक जीवनका विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउन सफल तथा आत्मनिर्भर रूपमा जीवनयापन गरिरहेका महिलालाई रोलमोडेलका रूपमा प्रस्तुत गरी छोरालाई प्राथमिकता दिने संस्कारमा परिवर्तन गर्ने | १. सामाजिक परिवर्तनका अभियन्ताहरू र नागरिक समाजसँगको सहकार्यमा स्थानीय तहहरूले रोलमोडलको पहिचान गर्ने । पहिचान गरिएका रोलमोडल लाई छोरा र छोरीबीचको विभेद कम गर्नका लागि परिचालन गर्ने | | रोलमोडलको संख्या रोलमोडल सहभागी भएको कार्यक्रममको संख्या | कार्यक्रमको माईन्यूट | वार्षिक रूपमा निरन्तर | स्थानीय तह, सामाजिक विकाश शाखा | स्थानीय तह कार्यान्वयन, समन्वय तथा सहजीकरण समिति | नागरिक समाजका संघसंस्थाहरू | ३०,१२० |

**रणनिति २.२:** लिङ्ग पहिचान गरी गरिने गर्भपतनका विरूद्धमा स्वास्थ्यकर्मी तथा अन्य स्वास्थ्य सेवा प्रदायकहरूको भूमिका र दायित्वलाई थप प्रभावकारी बनाईने ।

**कार्यनीति:** स्वास्थ्यकर्मी तथा अन्य स्वास्थ्य सेवा प्रदायकहरूले गर्भपतन सम्बन्धी सेवा प्रदान गर्दा पेशागत आचार संहिता तथा चिकित्सकीय नैतिकता पालनाको सुनिश्चितता गरिने छ ।

| कार्यक्रम | क्रियाकलाप | अपेक्षित परिणाम | सुचांक | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवार निकाय | अनुगमन तथा मुल्यांकन निकाय | समन्वय/ सहयोगी निकाय | लागत (रु.000 मा) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. गर्भपतन गर्ने उद्देश्यले भ्रुणको लिङ्ग पहिचान गर्न चाहने सेवाग्राहीहरूलाई परामर्श सेवा मार्फत त्यस्ता कार्य नगर्न प्रोत्साहित गर्ने । | १. सम्बन्धित स्वास्थ्यकर्मी/स्वास्थ्य प्राविधिकहरूलाई लिङ्ग पहिचान गरी गर्भपतन गर्न चाहने सेवाग्राहीलाई परामर्श प्रदान गर्न क्षमता अभिवृद्धि गर्ने ।<br>२. लिङ्ग पहिचान गरी गर्भपतन गराउने चाहने सेवाग्राहीलाई मनोविमर्श सेवा प्रदान गरी गर्भपतन सेवा लिन निरूत्साहित गर्ने । | लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउने व्यवहारमा कमी आउने | क्षमता अभिवृद्धि तालिममा सहभागी भएका सम्बन्धित स्वास्थ्यकर्मी / स्वास्थ्य प्राविधिकहरू / स्वास्थ्य संस्थाहरूको संख्या | तालिम/प्रगति प्रतिवेदन | निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा महाशाखा, सामाजिक विकास मन्त्रालय | स्थानीय तह कार्यान्वय, समन्वय तथा सहजीकरण समिति | प्रदेश सामाजिक विकास मन्त्रालय<br>नेपाल मेडिकल काउन्सिल<br>नेपाल मेडिकल एशोसियसन | ७१,७६७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. चिकित्सा शास्त्रका पाठ्यक्रमहरूमा लिङ्ग पहिचान गरी गरिने गर्भपतन सम्बन्धी कानुनी व्यवस्था र यस कार्यबाट समाजमा पर्ने प्रभावसम्बन्धी विषय समावेश गर्ने । | १. चिकित्साशास्त्र अध्यापन गराउने सबै विश्वविद्यालयहरूमा स्नातक तहको अध्यापन पाठ्यक्रममा लिङ्ग पहिचान गरी गरिने गर्भपतन सम्बन्धी कानुनी व्यवस्था र समाजमा पर्ने असर प्रभाव सम्बन्धी विषय समावेश गर्ने । | छोरा र छोरीको विभेदमा कमी भई जन्मदरको लैङ्गिक अनुपातमा सन्तुलन कायम हुने | थप तथा परिमार्जन गरिएका विषयवस्तुहरू | चिकित्साशास्त्रको स्नातक तहको पाठ्यक्रम | रणनीति कार्यान्वयन शुरू भएको १ वर्षभित्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल मेडिकल काउन्सिल<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>नेपाल मेडिकल काउन्सिल | - |
| ३. चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई लिङ्ग पहिचान गरी गरिने गर्भपतन सम्बन्धी कानुनी व्यवस्था र यस कार्यबाट समाजमा पर्ने प्रभावका बारेमा सेवाकालीन एवं पुनर्ताजगी तालिम दिने । | १. सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी /स्वास्थ्य प्राविधिकहरूलाई लिङ्ग पहिचान गरी गरिने गर्भपतन सम्बन्धी कानुनी व्यवस्था र यस कार्यबाट समाजमा पर्ने प्रभावका बारेमा सेवाकालीन एवं पुनर्ताजगी तालिम दिने । | | सेवाकालीन एवं पुनर्ताजगी तालिम तथा सहभागीको संख्या | तालिम संचालन रेकर्ड तथा प्रतिवेदन | प्रत्येक वर्ष निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | अनुगमन तथा मूल्यांकन शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल मेडिकल काउन्सिल<br>स्वास्थ्य सेवा विभाग | ७,८८,७३६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. स्वास्थ्यकर्मी तथा अन्य स्वास्थ्य सेवा प्रदायकहरूको लागि मानव अधिकार, प्रजनन् अधिकार र विभेदपूर्ण लिङ्ग छनौट सम्बन्धी ज्ञान, धारणा, दृष्टिकोण र मान्यता परिवर्तन गर्ने सम्बन्धमा अभिमुखीकरण तालिम तथा अन्तरक्रियात्मक गोष्ठीहरू संचालन गर्ने | १. संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित स्वास्थ्यकर्मी तथा अन्य स्वास्थ्य सेवा प्रदायकहरूलाई मानव अधिकार, प्रजनन् अधिकार र विभेदपूर्ण लिङ्ग छनौट सम्बन्धी अभिमुखीकरण तालिम वा अन्तरक्रियात्मक गोष्ठी संचालन गर्ने । | | अभिमुखीकरण तालिम वा अन्तरक्रियात्मक गोष्ठीको संख्या | तालिम वा अन्तरक्रियात्मक गोष्ठीको रेकर्ड तथा प्रतिवेदन | प्रत्येक वर्ष निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल मेडिकल काउन्सिल | राष्ट्रिय मानव अधिकार आयोग<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>राष्ट्रिय महिला आयोग<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह,नागरिक समाजका संघसंस्थाहरू | ४०,५९९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. गर्भपतन सम्बन्धी सेवा प्रदान गर्ने स्वास्थ्य संस्था, क्लिनिक, शिक्षण अस्पताल, प्रयोगशाला र प्रविधिहरूको नियमित सुपरिवेक्षण, अनुगमन र नियमन गर्ने | १. संघ, प्रदेश र स्थानीय तहमा गर्भपतन सम्बन्धी सेवा प्रदान गर्ने स्वास्थ्य संस्था, क्लिनिक, शिक्षण अस्पताल, प्रयोगशाला र प्रविधिहरूको अनुगमन tool निर्माण गरी सो अनुरूप सुपरिवेक्षण, अनुगमन गर्ने । | | अनुगमन भ्रमण र अनुगमन गरेको संस्थाको संख्या | अनुगमन प्रतिवेदन | निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल मेडिकल काउन्सिल | नेपाल मेडिकल काउन्सिल<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह, नेपाल प्रहरी | ६२,४८८ |
| ६. लिङ्ग छनौट गर्न सघाउ पुराउने प्रविधि र उपकरणको सहि परिचालन गर्ने । | १. संघ, प्रदेश र स्थानीय तहमा लिङ्ग छनौट गर्न सघाउ पुऱ्याउने प्रविधि र उपकरणको दुरूपयोग गर्ने व्यक्ति/संस्थालाई कानुनी कारबाही गर्ने | | कानुनी कारबाही गरिएको व्यक्ति/संस्थालाई संख्या अनुगमन प्रतिवेदन | अनुगमन प्रतिवेदन | निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सम्बन्धित मन्त्रालयको अनुगमन तथा मुल्यांकन शाखा | गृह मन्त्रालय<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>नेपाल मेडिकल काउन्सिल<br>स्थानीय तह | |

**उद्देश्य ३:** छोरीको महत्वलाई प्रोत्साहन गर्दै लैङ्गिक समानता सुनिश्चित गर्नु ।

**रणनिति ३.१:** छोरा र छोरीको समान महत्वलाई प्रवर्द्धन गर्न सामाजिक, सांस्कृतिक, परम्परागत सोंच, मान्यता र व्यवहारमा परिवर्तन ल्याउने ।

**कार्यनीति क:** स्थानीय तह तथा सरोकारवालासँगको समन्वय तथा सहकार्यमा छोराछोरी बीचको विभेद अन्त्यका लागि जनचेतना एवम् अभियानमूलक कार्यक्रमहरू निर्माण गरी सञ्चालन गरिने छ ।

| कार्यक्रम | क्रियाकलाप | अपेक्षित परिणाम | सूचांक | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवार निकाय | अनुगमन तथा मुल्यांकन निकाय | समन्वय/सहयोगी निकाय | लागत (रु.000 मा) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. बालबालिका, अभिभावक र समुदायमार्फत छोरा र छोरीबीच विभेदकारी सोंच र व्यवहार परिवर्तन गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. विद्यालयमा हुने बाल क्लब, स्काउट, साथी समूह (Peer groups),आदिले छोरा र छोरी बीच विभेदकारी सोंच र व्यवहार परिवर्तन गर्ने<br>२. विषय अतिरिक्त क्रियाकलापहरू (वादविवाद, वक्तृत्वकला प्रतियोगिता, निबन्ध प्रतियोगिता, हाजिरी जवाफ, आदि) सञ्चालन गर्ने । | छोरा र छोरीको विभेदमा कमी भई जन्मदरको लैङ्गिक अनुपातमा सन्तुलन आउने लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउने व्यवहारमा कमी आउने | अतिरिक्त क्रियाकलापमा छोरा र छोरी बीचको विभेद सम्बन्धी विषयवस्तु समावेश गरेका विद्यालयहरूको संख्या | विद्यालयको रेकर्ड | निरन्तर | सामाजिक विकास शाखा, स्थानीय तह | स्थानीय तह कार्यान्वयन, समन्वय र सहजीकरण समिति | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>राष्ट्रिय बाल अधिकार परिषद्<br>राष्ट्रिय महिला आयोग<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>नागरिक समाज संघसंस्थाहरू | ६९२,७६० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. समुदायका सम्बन्धित सरोकारवाला, धार्मिक गुरू तथा नागरीक समाजका अगुवाहरूको नेतृत्वमा छोराछोरी बीचको विभेद अन्त्यका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. स्थानीय तह र उक्त क्षेत्रमा कार्यरत गैर सरकारी, सामुदायिक संस्थाहरू (धार्मिक गुरू, नागरिक समाजका अगुवाहरू समेत)ले लैंगिक विभेद सम्बन्धी कार्यक्रमहरूमा छोरा र छोरी बीच विभेदकारी सोंच र व्यवहार परिवर्तन सम्बन्धी विषयहरू समावेश गरी सञ्चालन गर्ने । | | स्थानीय तहमा लैंगिक विभेद सम्बन्धी कार्यक्रमहरूमा छोरा र छोरी बीचको विभेद सम्बन्धी सञ्चालन गरेका कार्यक्रम र सहभागीहरूको संख्या | कार्यान्वयन, समन्वय र सहजीकरण समितिको रेकर्ड | निरन्तर | सामाजिक विकास शाखा, स्थानीय तह | स्थानीय तह कार्यान्वयन, समन्वय र सहजीकरण समिति | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>राष्ट्रिय महिला आयोग<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>नागरिक समाजका संघसंस्थाहरू<br>अन्तर/धार्मिक संघसस्था/धार्मिक सञ्जालहरू | |
| ३. लिङ्ग छनौट विरूद्धका सामाजिक तथा सांस्कृतिक अभियानहरूको प्रवर्द्धन गर्न तिनै तहका सरकारी निकायहरूको समन्वयमा कार्यक्रम सञ्चालन गरी स्थानीय तहमा उदाहरणीय काम गर्ने व्यक्तिहरूलाई सम्मानित गर्ने | १. समुदायमा चलिआएका तथा हुने सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरूमा लिङ्ग छनौट विरूद्धका विषयहरू समावेश गर्न प्रोत्साहित गर्ने ।<br>२. पहिचान गरिएका उदाहरणीय काम गर्ने व्यक्तिहरू (रोलमोडलहरू) लाई सार्वजनिक रूपमा सम्मान गर्ने । | | लिङ्ग छनौट विरूद्धका विषयहरू समावेश भएका सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरूको संख्या,<br>प्रदान गरिएको सम्मानको संख्या | तीनै तहको कार्यान्वयन, समन्वय र सहजीकरण समितिको रेकर्ड | वार्षिक रूपमा निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालय<br>प्रदेश सामाजिक विकास मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालय | स्थानीय तह, सामाजिक विकास शाखा<br>नागरिक समाजका संघसंस्थाहरू<br>स्थानीय समूहहरू | १,३७,६६८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. छोरा र छोरीको समान महत्वमा जोड दिने अभियानहरूमा पुरूष र किशोर हरूको भूमिकालाई प्रवर्द्धन गर्ने । | १. स्थानीय तहको सामाजिक तथा सांस्कृतिक अभियानहरूमा छोरा र छोरीको समान महत्व दिनका लागि पुरूष र किशोरहरूलाई अर्थपूर्ण सहभागिता गराउने । | | पुरूष र किशोरहरूलाई संलग्नता गरिएका कार्यक्रमको संख्या | कार्यक्रमको प्रतिवेदन | निरन्तर | स्थानीय तह, सामाजिक विकास शाखा | स्थानीय तह कार्यान्वयन, समन्वय र सहजीकरण समिति | नागरिक समाजका संघसंस्थाहरू<br>स्थानीय युवा तथा किशोरी समूहहरू | |
| ५. सामाजिक व्यवहार परिवर्तन सम्बन्धी सन्देशमूलक सामग्रीहरूको निर्माण तथा प्रवर्धन गर्ने । | १. राज्यका तीनै तहले छोराछोरी बीचको विभेद र लिङ्ग छनौट विरूद्धका सूचना/ जानकारीमूलक सामग्रीहरूको निर्माण गरी सञ्चार माध्यम मार्फत वितरण तथा प्रसारण गर्ने । | | सूचना / जानकारीमूलक सामग्रीहरूको प्रकार र संख्या | निर्मित/ प्रशारित सामग्रीहरू | निरन्तर | राष्ट्रिय स्वास्थ्य, शिक्षा सूचना तथा सञ्चार केन्द्र | राष्ट्रिय स्वास्थ्य, शिक्षा सूचना तथा सञ्चार केन्द्र | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह, सामाजिक विकास शाखा<br>नागरिक समाजका संघसंस्थाहरू | |

**कार्यनीति ख:** छोरा र छोरीबीच समान महत्वलाई प्रवर्द्धन गर्ने नीति, योजना तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गरिने छ ।

| कार्यक्रम | क्रियाकलाप | अपेक्षित परिणाम | सूचांक | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवार निकाय | अनुगमन तथा मुल्यांकन निकाय | समन्वय/ सहयोगी निकाय | लागत (रु.000 मा) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीतिको आधारमा प्रदेश तथा स्थानीय तहमा योजना तथा कार्यक्रमको पहिचान गरी लागत अनुमान सहितको योजना निर्माण गरी कार्यान्वयन गर्ने | १. प्रदेश तथा स्थानीय सरकारहरूले विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि छोराछोरी बीचको विभेद निराकरण गर्ने ।<br>२. योजना तथा कार्यक्रमको पहिचान गरी लागत अनुमान सहितको कार्ययोजना निर्माण गर्ने ।<br>३. लागत अनुमान सहितको कार्ययोजना प्रदेश तथा स्थानीय सरकारहरूले तयार गरी कार्यान्वयन गर्ने । | लिङ्ग पहिचान गर्ने वा गराउने कारक तत्वहरूको निरूत्साहन तथा सृजित समस्याको सम्बोधन हुने<br>महिला, किशोरी तथा बालिकाहरूको सेवा र अवसरहरूमा अभिबृद्धि भई विभेदपूर्ण सामाजिक दृष्टिकोण र व्यवहारमा कमी आउने । | कार्य योजना निर्माण गर्ने प्रदेश तथा स्थानीय सरकारहरूको संख्या<br>लागत अनुमान सहितको कार्ययोजना कार्यान्वयन गर्ने प्रदेश तथा स्थानीय सरकारहरूको संख्या | निर्मित कार्य योजना<br>नेतृत्व तथा समन्वय समितिको प्रतिवेदन | रणनीति कार्यान्वयन शुरूभएको १ वर्षभित्र | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेतृत्व तथा समन्वय समिति | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>अर्थ मन्त्रालय<br>राष्ट्रिय योजना आयोग<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह, सामाजिक विकास शाखा | २,८३५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. महिला तथा बालिकाको जीवन गुणस्तर मापन विधि (Girls Quality Assessment Tool बालिकाहरूको निम्ति सेवा प्रदायकहरूले उपलब्ध गराएका सेवाहरूको गुणस्तर मापन र अनुगमन गर्ने सहभागितामूलक विधि हो) को आधारमा महिला तथा किशोरीहरूको सेवा र अवसरमा अर्थपूर्ण सहभागिता वृद्धि गर्ने | १. संघ, प्रदेश र स्थानीय तहले महिला, किशोरी तथा बालिकाको जीवन गुणस्तर मापन विधि प्रयोग गरी उनीहरूको अधिकार, सहभागिता र सशक्तीकरणको समीक्षा गर्ने | | महिला, किशोरी तथा बालिकाको जीवन गुणस्तर मापन विधि कार्यान्वयन गर्ने सरकार हरूको संख्या | सम्बन्धित सरकारहरूको वार्षिक प्रतिवेदन | प्रत्येक वर्ष निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नेतृत्व तथा समन्वय समिति | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>राष्ट्रिय बाल अधिकार परिषद्<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह, सामाजिक विकास शाखा<br>नागरिक समाजका संघसंस्थाहरू | ३७,१६७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. छोराछोरी बीचको विभेद अन्त्य गर्ने विषयमा राज्यका तीनै तहका नीति अनुरूप साझा कार्यक्रमको विकास र कार्यान्वयन गर्न नीजि तथा गैर सरकारी क्षेत्र समेतलाई प्रोत्साहित गर्ने । | १. राज्यका सबै तहका लैङ्गिक समानता र अधिकारको क्षेत्रमा काम गर्ने नीजि तथा गैर सरकारी संघसंस्थाहरूको पहिचान गर्ने । यसरी पहिचान गरिएका संघसंस्थाहरूलाई तीनै तहका सरकारहरूले तयार गरेको कार्ययोजनालाई सघाउ/योगदान पुग्नेगरी कार्यक्रम सञ्चालन गर्न पहल गर्ने । | | लैङ्गिक समानता र अधिकारको क्षेत्रमा काम गर्ने नीजि तथा गैर सरकारी संघ संस्थाहरूको संख्या, कार्यक्रम सञ्चालन गर्न पहल गर्ने तीनै तहका सरकार हरूको संख्या | पहिचान अध्ययन प्रतिवेदन, कार्यक्रम सञ्चालन भएको प्रगति प्रतिवेदन | निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नेतृत्व तथा समन्वय समिति | राष्ट्रिय योजना आयोग<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह<br>सामाजिक विकास शाखा<br>नागरिक समाजका संघसंस्थाहरू | |

**उद्देश्य ४:** छोरा र छोरीको समान महत्व स्थापित गर्ने किशोरी एवं महिला केन्द्रित सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रमहरू प्रभावकारी रूपमा समन्वय गरी कार्यान्वयन गर्नु ।

**रणनीति ४.१:** आर्थिक सशक्तीकरणका लागि उद्यम व्यवसायमा महिला तथा किशोरीहरूको अर्थपूर्ण सहभागितालाई प्रोत्साहन गर्ने ।

**कार्यनीति:** महिला तथा किशोरीहरूको आर्थिक क्रियाकलापमा अर्थपूर्ण सहभागिता र नेतृत्वलाई प्रोत्साहन गरिने छ ।

| कार्यक्रम | क्रियाकलाप | अपेक्षित परिणाम | सुचांक | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवार निकाय | अनुगमन तथा मुल्यांकन निकाय | समन्वय/ सहयोगी निकाय | लागत (रु.000 मा) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. महिला तथा किशोरीहरूमा बजारमुखी सीपको क्षमता अभिवृद्धि गरी बजारमैत्री वातावरण प्रवर्द्धन गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने | १. स्थानीय तहको सामाजिक विकास शाखाले स्थानीय बजारमा आवश्यक पर्ने सीपको पहिचान गरी सम्बन्धित तालिम केन्द्रहरूसँग समन्वय गर्ने ।<br>२. तालिम केन्द्रहरूले महिला तथा किशोरीहरूका लागि माग भईआएको तालिम सञ्चालन गर्ने । | महिला तथा किशोरीहरू आर्थिक तथा सामाजिक रूपमा सशक्त भएको हुने | पहिचान गरिएका तालिमहरूको प्रकार र संख्या, संचालित तालिमको संख्या | तालिम प्रतिवेदन | निरन्तर | सामाजिक विकास शाखा | स्थानीय तह कार्यान्वयन, समन्वय र सहजीकरण समिति | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय<br>उद्योग, वाणिज्य महासंघ | ५०,८०३<br>६,७४,५७४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. उद्यम व्यवसायमा महिला तथा किशोरीहरूको अर्थपूर्ण सहभागिता र नेतृत्वको सुनिश्चित गरी उद्यमशिलतामा प्रोत्साहन गर्ने | १. संघ, प्रदेश र स्थानीय तहमा उद्यम तथा व्यवसायका लागि ईच्छुक महिला तथा किशोरीहरूको विवरण सकंलन गर्ने ।<br>२. उद्यम तथा व्यवसायका लागि ईच्छुक महिला तथा किशोरीहरूका लागि तालिम र उद्यमशिलता लागि सहजीकरण गर्ने । | | तालिम र उद्यमशिलता लागि सहजिकरण गरिएका महिला तथा किशोरीहरूको संख्या | तालिम र उद्यमशिलता सम्बन्धी प्रतिवेदन | निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय<br>स्थानीय तह<br>नागरिक समाजका संघसस्थाहरू<br>उद्योग, वाणिज्य महासंघ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. महिला तथा किशोरीहरूका लागि स्थानीय तहका सहकारी/ वित्तीय संस्थाहरूलाई सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न उत्तरदायी बनाउने | १. उद्यम तथा व्यवसाय सञ्चालन गर्न महिला तथा किशोरीहरूका लागि सहकारी/वित्तीय संस्थाहरूले सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने ।<br>२. उद्यम तथा व्यवसायबाट उत्पादित वस्तु तथा सेवाको बजारीकरणका लागि सहजीकरण गर्ने । | | सहुलियतपूर्ण ऋण प्राप्त गर्ने महिलाहरूको संख्या उद्यम तथा व्यवसायबाट उत्पादित वस्तु तथा सेवाको बजारीकरणका लागि सहजीकरण गर्ने सरकार हरूको संख्या | सम्बन्धित सरकारहरूको प्रतिवेदन | निरन्तर | भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय<br>अर्थ मन्त्रालय | नेतृत्व तथा समन्वय समिति | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | १७,३७४ |
| ४. सम्पत्तिमा महिलाहरूको स्वामित्व बढाउने उद्देश्यले राज्यले अवलम्बन गरेका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा नियमित अनुगमन गर्ने । | १. सम्पत्तिमा महिलाहरूको स्वामित्व बढाएको/ नबढाएको नियमित अनुगमन गर्ने । | | सम्पत्तिमा महिलाको स्वामित्व भएकाको प्रतिशत | सर्वेक्षण प्रतिवेदन | निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय | राष्ट्रिय महिला आयोग<br>राष्ट्रिय मानव अधिकार आयोग<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह | - |

**रणनीति ४.२:** महिला तथा किशोरीहरूको सामाजिक सशक्तीकरण गर्दै नेतृत्व विकासलाई प्रवर्द्धन गर्ने ।

**कार्यनीति:** महिला, किशोरी तथा बालिकाहरूको सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्न क्षमता अभिवृद्धि गरिने छ ।

| कार्यक्रम | क्रियाकलाप | अपेक्षित परिणाम | सूचांक | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवार निकाय | अनुगमन तथा मूल्यांकन निकाय | समन्वय/सहयोगी निकाय | लागत (रु.000 मा) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. महिला, किशोरी तथा बालिकाहरूलाई सामाजिक, सार्वजनिक तथा राजनैतिक क्षेत्रमा अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्दै नेतृत्व विकासका लागि क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने | १. स्थानीय तहमा कम्तिमा वर्षको १ पटक महिला, किशोरी तथा बालिकाहरूलाई नेतृत्व विकासको तालिम प्रदान गर्ने ।<br>२. सीप र क्षमता भएका महिला तथा किशोरीहरूलाई समाजको विविध (सामाजिक, सार्वजनिक तथा राजनैतिक लगायत) क्षेत्रमा भूमिका सहितको सहभागिता सुनिश्चित गर्न आवश्यक मापदण्ड बनाई लागू गर्ने । | महिला तथा किशोरीहरू आर्थिक तथा सामाजिक रूपमा सशक्त भएको हुने | तालिम पाएका महिला, किशोरी तथा बालिकाहरूको संख्या मापदण्ड बनाएका स्थानीय तहहरूको संख्या | तालिम प्रतिवेदन निर्मित मापदण्डहरू | रणनीति कार्यान्वयन शुरू भएको १ वर्षभित्र/ निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्थानीय तह कार्यान्वयन, समन्वय र सहजीकरण समिति | राष्ट्रिय बाल अधिकार परिषद्<br>राष्ट्रिय महिला आयोग<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह, सामाजिक विकाश शाखा<br>नागरिक समाजका संघसस्थाहरू | ६,६०,८०८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. महिला तथा किशोरीहरूको तहगत सरकारका सम्बन्धितनिकायमा अर्थपूर्ण सहभागिता र नेतृत्वलाई सुनिश्चित गराउने गरी लक्ष्य निर्धारण गर्ने | १. प्रदेश र स्थानीय तहका सम्बन्धित निकायहरूले महिला एवम् किशोरीहरूको कम्तीमा ३३ प्रतिशत नेतृत्व सहितको सहभागिता गराई वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने । | | महिला एवम् किशोरीहरूको कम्तीमा ३३ प्रतिशत सहभागी गराउने प्रदेश र स्थानीय तहको संख्या<br><br>वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने प्रदेश र स्थानीय तहको संख्या | वार्षिक प्रतिवेदन | रणनीति कार्यान्वयन शुरूभएको १ वर्षभित्र/ निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालय | नेतृत्व तथा समन्वय समिति | राष्ट्रिय बाल अधिकार परिषद्<br>राष्ट्रिय महिला आयोग<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह, सामाजिक विकाश शाखा<br>नागरिक समाजका संघसस्थाहरू | - |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. बालबालिकाको पूर्ण क्षमताको विकास गर्न लैङ्गिक संवेदनशीलता, प्रजनन् अधिकार, जीवन उपयोगी सीप तथा वृहत यौनिकता शिक्षा आदि जस्ता कार्यक्रमहरूको प्रभावकारीताको समीक्षा गर्दै आवश्यक कार्यक्रमहरू कार्यान्वयन गर्ने | १. विद्यमान लैङ्गिक संवेदनशीलता, प्रजनन् अधिकार, जीवन उपयोगी सीप र वृहत यौनिकता शिक्षा सम्बन्धी पाठ्यक्रम र कार्यक्रमहरूको प्रभावकारीताबारे पञ्चवर्षीय समीक्षा गर्ने ।<br>२. पञ्चवर्षीय समीक्षाबाट आएका सुझावका आधारमा पाठ्यक्रम र कार्यक्रमहरूलाई परिमार्जन गरी लागू गर्ने । | | पञ्चवर्षीय पुनरावलोकन गरी कार्यान्वयन गर्ने सरकारहरूको संख्या | समीक्षा प्रतिवेदन परिमार्जित पाठ्यक्रम र कार्यक्रम | निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालय | नेतृत्व तथा समन्वय समिति<br>प्रदेश स्तरीय कार्यान्वयन समन्वय र सहजीकरण समिति<br>स्थानीय तह कार्यान्वयन समन्वय र सहजीकरण समिति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>राष्ट्रिय बाल अधिकार परिषद्<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह, सामाजिक विकाश शाखा<br>नागरिक समाजका संघसस्थाहरू | १,८२७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. छोरीको जन्मलाई सम्मान गर्ने र महत्व दिने सकारात्मक अभ्यासको प्रवर्द्धन गर्ने | १. सामुदायिक तथा धार्मिक अगुवामार्फत छोरीलाई धार्मिक र साँस्कृतिक कार्यहरूमा विना भेदभाव संलग्न गराउन अभियानमूलक कार्यक्रम सञ्चालन गराउने । | | अभियानमूलक कार्यक्रम सञ्चालन गरेका स्थानीय तहहरूको संख्या | कार्यक्रम गरेको रेकर्ड | निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्थानीय तह कार्यान्वयन समन्वय र सहजीकरण समिति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>राष्ट्रिय बाल अधिकार परिषद्<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह, सामाजिक विकाश शाखा<br>नागरिक समाज र संघसस्थाहरू | २,७५,३३७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. छोरी जन्मे पछि परिवारलाई भार हुन्छ भन्ने मान्यतामा कमी ल्याउन शिक्षा, स्वास्थ्य विमा नीतिहरूद्वारा छोरी माथि हुने हिंसा, बालविवाहको न्यूनीकरण गर्ने । | १. स्थानीय तहले छोरी जन्मेपछि तत्कालै उनको नाममा २० वर्षे Conditional Cash Transfer को व्यवस्था गर्ने ।<br>२. छोरीको लागि शिक्षा र स्वास्थ्यको पहूँचमा सुनिश्चितता गर्न विशेष छात्रवृत्तिका साथै स्वास्थ्य विमा गर्ने । | | Conditional Cash Transfer लागु गर्ने स्थानीय तहको संख्या<br>छोरीको लागि छात्रवृत्ति र स्वास्थ्य विमा गर्ने स्थानीय तहको संख्या | छात्रवृत्ति र विमा प्रदान गरेको रेकर्ड | रणनीति कार्यान्वयन शुरुभएको १ वर्षभित्र/ निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्थानीय तह कार्यान्वयन समन्वय र सहजीकरण समिति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>गृह मन्त्रालय<br>अर्थ मन्त्रालय<br>राष्ट्रिय बाल अधिकार परिषद्<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>नागरिक समाज र संघसस्थाहरू | - |
| ६. सकारात्मक अभ्यासहरूद्वारा प्रजनन् स्वास्थ्य जीवनोपयोगी सीप प्रदान गर्ने स्थानीय तहलाई सम्मान गर्ने । | १. प्रजनन् स्वास्थ्य जीवनोपयोगी सीपका बारेमा उत्कृष्ट कार्य गर्ने स्थानीय तहको पहिचान गरी वार्षिक रूपमा सम्मान गर्ने । | | सम्मानित हुने स्थानीय तहको संख्या | सम्मान गरेको रेकर्ड | प्रत्येक वर्ष निरन्तर | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेतृत्व तथा समन्वय समिति | राष्ट्रिय बाल अधिकार परिषद्<br>प्रदेश सामाजिक विकास मन्त्रालय<br>राष्ट्रिय महिला आयोग<br>नागरिक समाज र संघसस्थाहरू | ७,००० |
| जम्मा लागत | | | | | | | | | ४६,०७,४१६ |

## ४.२ लागत अनुमान विधि

लागत अनुमान गर्दा रणनीतिका ४ उद्देश्य, ३३ कार्यक्रम र ४९ कृयाकलापहरूलाई सम्वोधन गर्ने गरी परिणाम तथा श्रोत विधिको (Resource, activity and result based) प्रयोग गरिएको छ । यो विधि अपनाउँदा ५०० भन्दा वढी ईकाई लागतमा आधारित भई लाग्ने खर्च अनुमान गरिएको छ । यो ईकाई लागतहरू अनुमान गर्दा उपलब्ध भएसम्म सरकारी र सो नभएमा सार्वजनिक संघसंस्था एवं विकास साझेदार संस्थाहरूको लागतलाई आधार मानिएको छ । यसैगरी यी दुवै श्रोतवाट तथ्याङ्क उपलब्ध नभएको अवस्थामा विशेषज्ञहरूको ज्ञान र अनुभवलाई आधार मानिएको छ । लागत अनुमान गर्दा नेपालको भौगोलिक विविधता (हिमाल, पहाड र तराई), सुगमता (गाउँ र शहर), र जनसंख्या समेतलाई ध्यान दिई तीनै तहको (संघ, प्रदेश र स्थानीय) शासकीय स्वरूप अनुरूप लागत अनुमान गरी यस रणनीतिमा उल्लेख गरिएका कार्यक्रम अनुसार प्रस्तुत गरिएको छ । यो रणनीति लागू गर्दा रू. ४,६०,७४,१६,०००। (अक्षेरूपी चार अर्ब साठी करोड चौहत्तर लाख र सोह्र हजार मात्र) लाग्ने अनुमान गरिएको छ । यो लागतलाई मुख्य रूपमा ६ वटा शीर्षकहरूमा (कानुन तथा नीति, क्षमता अभिवृद्धि, सहज वातावरणको सिर्जना, समुदाय/सरोकारवालाहरूको परिचालन, जनचेतना अभिवृद्धि र अनुगमन तथा मूल्याङ्कन/प्रतिवेदन) समेत विभाजन गरी हेर्न सकिने बनाईएको छ । यो अनुमानित लागत प्रमुख रूपमा निम्न लिखित मान्यतामा आधारित भएर गरिएको छः

(क) रणनीतिले निर्धारण गरेका कार्यक्रम र क्रियाकलापहरूको कार्यान्वयन विद्यमान शासकीय स्वरूप र संयन्त्र तथा संरचनाबाट हुनेछ ।

(ख) ईकाई लागतहरू अनुमान गर्दा उपलब्ध भएसम्म अद्यावधिक र सो नभएमा सन् २०१७ को तथ्याकंलाई आधार वनाई आवश्यक समायोजन गरी प्रयोग गरिएको छ ।

(ग) अनुमानित लागत १० वर्षका लागि (सन् २०२१-२०३०) गरिएकोले यस अवधिमा हुनसक्ने मुद्रास्फितिलाई उपलब्ध भएसम्म नेपाल राष्ट्र बैंकको र सो नभएमा अन्तर्राष्ट्रिय मुद्राकोष वा विश्व बैंकले गरेको प्रक्षेपणलाई आधार मानिएको छ ।

(घ) रणनीतिले तर्जुमा गरेका कतिपय कार्यक्रम र क्रियाकलापहरू वहुक्षेत्रगत र वहुनिकायगत भएको र सोही प्रकृतिका कार्यक्रमसंग समन्वय तथा समायोजन गरी कार्यान्वयन गर्न सकिने भएकाले, यस्ता कार्यक्रमहरूको लागत अनुमान गर्दा विशेष ध्यान पुर्याइएको छ ।

## ४.३ लागत अनुमानका सीमा

(क) ईकाई मूल्यको निर्धारण गर्दा भौगोलिक क्षेत्र, सुगमता, जनसंख्या जस्ता विषयहरूलाई ध्यान दिइएतापनि यी पक्षभित्र पनि थप विविधता हुनसक्ने यथार्थतालाई पूर्ण सम्वोधन गर्न सकिएको छैन ।

(ख) यो लागत अनुमान वार्षिक रूपमा नभई १० वर्षको लागि औषतमा गरिएको छ र प्रत्यक्ष लागत मात्र समावेश गरिएको छ ।

## ४.४ कार्यान्वयन व्यवस्था

(क) लिङ्ग छनौट अन्त्यको विषयलाई प्राथमिकताको कार्यसूचीमा समावेश गरी मूलप्रवाहीकरण गर्नका लागि संघ, प्रदेश र स्थानीय तहका राजनीतिक नेतृत्वको प्रतिवद्धता, सहयोग र समर्थन हासिल गरिनेछ । यसका लागि आवश्यकता अनुसार सचेतना र पैरवीका कार्यक्रम सञ्चालन गरिनेछ । त्यसैगरी सरोकारवाला पक्षबाट यस विषयमा सकारात्मक सल्लाह सुझाव एवं पृष्ठपोषण प्राप्त गर्न योजनावद्ध रूपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) रणनीतिको योजनावद्ध एवं प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयहरू, प्रदेश र स्थानीय तहले बजेट सहितको विस्तृत कार्ययोजना निर्माण गरी अर्थ मन्त्रालय मार्फत आवश्यक बजेटको विनियोजन हुने गरी समन्वय गरिनेछ । यसका लागि संघले प्रदेश तथा स्थानीय तहलाई आवश्यक सहयोग (प्राविधिक एवम् सहजीकरण) उपलब्ध गराउनेछ ।

(ग) विभिन्न तहमा समन्वय गरी दोहोरोपना हटाई यस रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय र प्रदेश तहले एक/एक जना सम्पर्क व्यक्तिको व्यवस्था गर्नेछ ।

(घ) रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश एवम् स्थानीय तह सम्बन्धित कार्यान्वयन, समन्वय र सहजीकरण समिति (संघीय, प्रादेशिक र स्थानीय तह) सेवा प्रदायक लगायतको क्षमता अभिवृद्धि गरिनेछ ।

(ङ) यस रणनीतिलाई संघीय तहमा सम्बन्धित मन्त्रालय एवं निकायहरू, संवैधानिक आयोगहरू, विषयगत आयोगहरू, संयुक्त राष्ट्र संघीय नियोगहरू, अन्तर्राष्ट्रिय विकास साझेदारहरू, प्रदेश तथा स्थानीय तह नागरिक समाज र अन्य सरोकारवालाहरूको साझा दायित्व महसूस गराई आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने कार्यका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक समन्वय र सहकार्यको सुनिश्चितता गरिनेछ ।

(च) यस रणनीति अन्तर्गत पर्याप्त अधिकार र जिम्मेवारीको व्यवस्था, उपयुक्त पूर्वाधारको व्यवस्था, पर्याप्त साधन र स्रोतको उपलब्धता राज्यका तीनै तहले सुनिश्चितता गरिनेछ ।

(छ) सहभागितामूलक अनुगमन र मूल्याङ्कन पद्धतिको कार्यान्वयन एवम् नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित गर्ने विधि निर्माण जस्ता उपाय अवलम्बन गरिनेछ ।

(ज) रणनीतिको कार्यान्वयनलाई दिगोपना, सहकार्य र साझेदारीको सिद्धान्तमा आधारित बनाईने छ । सरोकारवालाको सार्थक सहभागिता एवम् स्वामित्व हासिल गर्न उच्चतम प्रयत्न गरिनेछ ।

## ४.५ कार्यान्वयन योजना

क) नेपालले दिगो विकास लक्ष्य सन् २०३० को कार्यान्वयनका लागि निर्धारण गरेको लक्ष्यसँग समान्जस्य कायम हुनेगरी यो रणनीति स्वीकृत भएको ६ महिनाभित्र मन्त्रालयले सम्बद्ध निकायको सहभागितामा रणनीति कार्यान्वयन योजना तर्जुमा गर्नेछ ।

(ख) यो रणनीति कार्यान्वयनमा आएको एक वर्षभित्र सबै प्रदेशका सामाजिक विकास मन्त्रालय र स्थानीय तहले यस रणनीतिसँग समान्जस्य कायम गरी आ–आफ्नो प्रदेश र स्थानीय तहको आवश्यक स्रोतको योजनासहित विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि रणनीति तर्जुमा गर्नेछन् । साथै, कार्य सम्पादनको नतिजा मापन गर्ने सूचक र ढाँचा सहितको कार्यान्वयन योजना समेत बनाई आफ्नो रणनीति कार्यान्वयनमा ल्याउने छन् ।

(ग) यो रणनीति कार्यन्वयनमा आएको तीन महिना भित्र सबै प्रदेश तहले विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि प्रदेशस्तरीय कार्यान्वयन, समन्वय र सहजीकरण समिति स्थापना गरी क्रियाशील बनाउनेछन् ।

(घ) यो रणनीतिको प्रभावकारीता मापनको लागि राष्ट्रियस्तरमा आवधिक रूपमा सम्पन्न हुने सर्भेक्षणहरू (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, Multiple Indicator Cluster Survey तथा राष्ट्रिय जनगणना) का नतिजाहरू विशेषगरी जन्म लैङ्गिक अनुपात, जन्मक्रमको लैङ्गिक अनुपात र प्राथमिकताहरूलाई आधार मानिने छ । यसको अतिरिक्त विशेष सर्भेक्षणद्वारा समूदायहरूको विभेदपूर्ण लिङ्ग छनौट सम्बन्धी ज्ञान, धारणा र व्यवहारको मापन गर्न सकिनेछ ।

(ङ) मन्त्रालयले प्रदेश तहसँग आवश्यक समन्वय गरी संघीय र प्रदेश तहको लैङ्गिक अनुपात सम्बन्धी आधार रेखा तथ्यांक तयार गरिनेछ ।

## परिच्छेद - पाँच

# अनुगमन र मूल्यांकन

### ५.१ अनुगमन र मूल्यांकनको दृष्टिकोण

यस रणनीतिले अंगिकार गरेको विभेदपूर्ण लिङ्ग छनौट अन्त्य सम्बन्धी अबधारणा अनुरूपको कार्यान्वयनलाइ नातिजामूलक बनाइ लैङ्गिक अनुपातमा सन्तुलन ल्याउन योजनाबद्ध र पद्दतिगत रूपमा अनुगमन र मूल्यांकन गर्नेछ. । यस रणनीति अन्तर्गत अनुगमन र मूल्यांकन पद्दतिलाई निरन्तर सिकाई तथा रणनीतिको प्रभावकरिता हासिल गर्ने विधिका रूपमा उपयोग गरिनेछ । रणनीति कार्यान्वयनको अनुगमन र मूल्यांकनमा मुख्य रूपमा देहायबमोजिमका दृष्टिकोण अवलम्बन गरिनेछन् :

**(क)** **कार्यन्वयनको तत्परताः** रणनीतिको कार्यन्वयनका लागि सबल वातावरण छ र छैन, प्रभावकारी कार्यन्वयनका लागि संस्थागत तत्परता र क्षमता कस्तो रहेको छ, साधन स्रोत र पूर्वाधारको उपलब्धता र पर्याप्तता, जवाफदेहीताको अवस्था, आदिका वारेमा नियमित रूपमा अनुगमन र मूल्यांकन गरिनेछ । यस दृष्टिकोणबाट नै रणनीति कार्यान्वयनको तत्परता सुनिश्चित गर्न सकिन्छ।

**(ख)** **कार्यसम्पादनको प्रगति समीक्षाः** रणनीतिले अवलम्बन गरेका कार्यनीति र लक्ष्य प्राप्तिका लागि निर्दिष्ट गरेका कार्यक्रम/क्रियाकलापको प्रभावकारीताको लेखाजोखाका साथै कार्यक्रम कार्यन्वयनको अर्धवार्षिक रूपमा प्रगति समीक्षा गरिनेछ । यस अन्तर्गत प्रदेश तथा स्थानीय तहमा कार्यसम्पादनको वास्तविक स्थितिको स्थलगत अनुगमन समेत गरिनेछ । साथै, कार्यान्वयनसंग सम्बन्धित समस्याको पहिचान गरी समाधान गर्ने कार्यका लागि मार्गदर्शन गरिनेछ ।

**(ग)** जिल्लास्थित स्थानीय तहहरूको जन्मदरमा लैङ्गिक समानता/असमानताको अवस्था, लिङ्ग छनौट प्रति नकारात्मक धारणा बनाउने परिवारको सामाजिक सुधारको तुलनात्मक चित्रण सम्बन्धी विवरण जिल्ला समन्वय समितिले संचार सन्देश र प्रस्तुतीकरण गरी राम्रो सोंच र ज्ञानलाई नमूनाको रूपमा प्रशारण गर्ने/सार्वजनिकिकरण गर्ने व्यवस्था गरिनेछ ।

### ५.२ अनुगमन र मूल्यांकनको जिम्मेवारी र जवाफदेहीताको तह

यस रणनीतिले देहायबमोजिमको अनुगमन र मूल्याङ्कन जिम्मेवारी एवम् जवाफदेहीताको तह निर्धारण गरेको छ :

(क) सङ्घीय तहमा यस रणनीतिसंग सम्बन्धित नीतिगत र कार्यान्वयन प्रभावकारीताको अनुगमन र मूल्यांकन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्नेछ । यसका लागि मन्त्रालय अन्तर्गत गठित कार्यान्वयन, नेतृत्व तथा समन्वय समितिलाई क्रियाशील र जिम्मेवार बनाइनेछ ।

(ख) प्रदेश तहमा प्रदेशस्तरीय कार्यान्वयन, समन्वय र सहजीकरण समितिलाई क्रियाशील र जिम्मेवार बनाइनेछ ।

(ग) स्थानीय तहमा कार्यान्वयन, समन्वय र सहजीकरण समितिलाई क्रियाशील र जिम्मेवारी बनाइनेछ ।

(घ) सबै तहका वार्षिक योजना तथा कार्यक्रम संगसंगै अनुगमन र मूल्यांकनको कार्ययोजना तर्जुमा गरिनेछ । यस अन्तर्गत अनुगमन र मूल्यांकन कार्यका लागि आवश्यक पर्ने साधन स्रोत वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरिनेछ ।

(ङ) अनुगमन तथा मूल्यांकन कार्यलाई नातिजामूलक बनाउन नतिजामा आधारित अनुगमन प्रणाली अवलम्बन गरिनेछ ।

(च) अनुगमन र मूल्यांकनको कार्यलाई जवाफदेही र पारदर्शी तुल्याउनको लागि सबै तहका लागि अनुगमन र मूल्यांकन निर्देशिका तयार गरिनेछ ।

(छ) सङ्घ, प्रदेश र स्थानीय तहको आवाधिक र वार्षिक समीक्षा हुँदा रणनीति कार्यान्वयनको स्थितिको समेत समीक्षा गरिनेछ ।

(ज) वार्षिक समीक्षा तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषण तथा सुझावहरूलाइ आगामी योजना तथा कार्यक्रम तर्जुमा गर्दा आवश्यकताअनुरूप समावेश गरिनेछ ।

(झ) रणनीति कार्यान्वयनको अनुगमनका लागि देहायका तरिका अवलम्बन गरिनेछ ।

(१) **सहभागितामुलक अनुगमनः** यस अन्तर्गत लक्षित समूह लगायत सरोकारवालालाई रणनीति कार्यन्वयनको अनुगमन प्रक्रियामा सार्थक रूपमा सहभागी हुने अवसर उपलब्ध गराइनेछ ।

(२) **कार्यसम्पादन प्रतिवेदनका आधारमा प्रगतिको अनुगमन र समीक्षाः** कार्यसम्पादनको समीक्षा गरी सोको प्रतिवेदन आवधिक रूपमा सम्बन्धित निकायहरूमा बुझाईने छ ।

(३) **मार्गदर्शन र सुपरिवेक्षणः** अनुगमनको कार्य समयमा भए नभएको सुनिश्चितताको लागि सङ्घीय तहको सम्बन्धित समितिले प्रदेश तहको समितिलाई आवश्यकता अनुसार मार्गदर्शन गर्न सक्नेछ । यसैगरी, प्रदेश स्तरको समितिले स्थानीय तहको समितिको अनुगमन सम्बन्धी क्रियाकलापको मार्गदर्शन र सुपरिवेक्षण गर्नेछ र आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

(ञ) मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को परिच्छेद १३ मा राखिएको "गर्भ संरक्षण विरूद्धको कसुर" महलमा रहेको व्यवस्था कडाईका साथ पालना र कार्यान्वयन गर्ने /गराउने जिम्मेवारी राज्यका तीनै तहमा रहनेछ ।

## ५.३ रणनीति कार्यान्वयनको मूल्याकंन विधि

(क) रणनीतिक पक्ष कार्यान्वयनको मूल्यांकन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्नेछ । रणनीतिको व्यवस्थापकीय पक्षको मूल्यांकन प्रदेश तहले गर्नेछ भने कार्यान्वयनको प्रभावकारीता मूल्यांकन स्थानीय तहले गर्नेछ ।

(ख) रणनीति मूल्यांकन कार्यको वैधता र सर्वस्वीकार्यता सुनिश्चित गर्नका लागि बहुपक्षीय, सहभागिता मुलक र स्वतन्त्र मूल्यांकन विधि अबलम्बन गरिनेछ ।

## ५.४ अपेक्षित परिणाम

(१) संघ, प्रदेश र स्थानीय तहबाट आवश्यक कानून, नीति तथा कार्यक्रमहरू तर्जुमा भई प्रभावकारी कार्यान्वयन भएको हुने,

(२) छोरा र छोरी बीच विभेदमा कमी भई जन्मदरको लैङ्गिक अनुपातमा सन्तुलन भएको हुने,

(३) लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउने व्यवहारमा कमी आएको हुने,

(४) महिला तथा किशोरीहरू आर्थिक तथा सामाजिक रूपमा सशक्त भएको हुने,

(५) लिङ्ग छनौट गर्ने वा गराउने कारक तत्वहरूको निरूत्साहन तथा सृजित समस्याको संबोधन भएको हुने ।

## ५.५ नतिजा मापनको ढाँचा (Result Monitoring Framework)

विभेदपूर्ण लिङ्ग छनौट अन्त्य सम्बन्धी रणनीति कार्यान्वयनको लागि रणनीतिक उद्देश्य बमोजिम नतिजा मापन गर्ने प्रमुख सूचक सहितको ढाँचा निम्न बमोजिम हुनेछ ;

### (क) नतिजा मापनको ढाँचा (Result Monitoring Framework)

विभेदपूर्ण लिङ्ग छनौट अन्त्य सम्बन्धी रणनीति कार्यान्वयनको लागि रणनीतिक उद्देश्य बमोजिम नतिजा मापन गर्ने प्रमूख सूचक सहितको ढाँचा निम्न बमोजिम हुनेछन् :

| उपलब्धि सूचक | आधार तथ्यांक* | | | परिमाणात्मक लक्ष्य | | | परीक्षणको श्रोत |
|---|---|---|---|---|---|---|---|
| | तथ्यांक | वर्ष | स्रोत | २०२२ | २०२५ | २०३० | |
| **उद्देश्य १. कानुन बमोजिम बाहेक लिङ्ग पहिचान गरी गरिने गर्भपतनको विरुद्धमा आवश्यक नीति, योजना तथा कार्यक्रमहरु निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नु ।** | | | | | | | |
| विभेदपूर्ण लिङ्ग छनौट सम्बन्धमा राज्यका तीनै तहका सरकारले लागू गरेका नीति तथा कार्यक्रमको सङ्ख्या | | | | ३ | ५ | ७ | सरकारी प्रतिवेदन |
| राज्यका तीनै तहमा विभेदपूर्ण लिङ्ग छनौटलाई संबोधन गर्ने कार्यक्रमको लागि विनियोजन भएको बजेटको प्रतिशत | | | | ५०% | ७०% | १००% | वार्षिक बजेट |
| **उद्देश्य २. लिङ्ग पहिचान गरी गरिने गर्भपतनका विरुद्धमा सोंच र व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउनु** | | | | | | | |
| विभेदपूर्ण लिङ्ग छनौटबाट हुने कानुनी तथा सामाजिक प्रभावको वारेमा समुदाय/स्थानीय अगुवा/परिवारको सचेतनाको प्रतिशत | | | | ३०% | ५०% | ७०% | KAP surveys |
| स्वास्थ्यकर्मीहरुले भ्रुणको लिङ्ग पहिचान गर्न अस्वीकार गरेको बताउने गर्भवती महिलाको प्रतिशत | | | | ३०% | ५०% | ८०% | KAP surveys |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **उद्देश्य ३. छोरीको महत्वलाई प्रोत्साहन गर्दै लैङ्गिक समानता सुनिश्चित गर्नु** | | | | | | | |
| लैङ्गिक समानता र छोरीको महत्वप्रति सकारात्मक विचार भएका घरका वयस्क सदस्यहरूको प्रतिशत । | | | | | | | NDHS |
| विद्यमान एवम भविष्यमा रहने गर्भमा लिङ्गलाई प्रार्थमिकता नदिने दम्पत्तिको प्रतिशत | | 2016<br>2014 | NDHS MICS/ Other relevant surveys | ५०% | ७५% | ९५% | NDHS MICS/ Other relevant surveys |
| जन्ममा लैङ्गिक असन्तुलनको दरमा कमी | ११० | २०१६ | NDHS | १०८ | १०६ | १०५ | NDHS |
| **उद्देश्य ४. छोरा र छोरीको समान महत्व स्थापित गर्न किशोरी एवम महिला केन्द्रित सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रमहरु प्रभावकारी रुपमा समन्वय गरी कार्यान्वयन गर्नु ।** | | | | | | | |
| राज्यका तीनै तहका निकायहरूमा निर्णायक भूमिकामा महिलाको उपस्थितिको प्रतिशत | | | | ३३% | ४०% | ५०% | सरकारी प्रतिवेदन<br>Nepal Labour force survey |

* उल्लेखित सूचक बमोजिमको आधार रेखा तथ्याङ्क उपलब्ध हुन नसकेकोले यस नतिजा अनुमानको ढाँचामा समावेश गरिएको छैन । यसलाई आगामी वर्षमा हासिल गर्नुपर्ने उपलब्धिको आधारका रूपमा समावेश गरिएको छ ।

## ५.६ रणनीतिको पुनरावलोकन र परिमार्जन

(क) यो रणनीति गतिशील दस्तावेजको रूपमा रहने छ । कार्यान्वयन भएको मितिले यसको अवधि ११ वर्षको हुने छ । कार्यान्वयनको पाँच वर्षको अवधिमा यसले पारेको प्रभावको मध्यकालीन मूल्यांकन गरिनेछ । तत्पश्चात् उपलब्धि पृष्ठपोषण समेतका आधारमा मन्त्रालय अन्तर्गत रहेको विभेदपूर्ण लिङ्ग छनौटको अन्त्य गर्न बनेको राष्ट्रिय निर्देशक समितिको सिफारिसमा यस रणनीतिको पुनरोवलोकन गरी परिमार्जन गर्न सकिनेछ । रणनीतिको पुनरावलोकन गर्नुपर्ने अवस्थामा मूल्यांकन प्रतिवेदन प्रदेश र स्थानीय तहका सहजीकरण समितिबीच समन्वय र सामञ्जस्य कायम गरिनेछ ।

(ख) यस रणनीतिको कार्यान्वयनको क्रममा बाधा, अड्चन वा अस्पष्टता भएमा राष्ट्रिय निर्देशक समितिको सिफारिसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले त्यस्तो बाधा, अड्चन वा अस्पष्टताको समाधान गर्नेछ ।